# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपाल अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको संयुक्त वार्षिक बैठकमा सहभागी भई स्वदेश फिर्ता

गभर्नर डा. चिरंजीबि नेपाल इण्डोनेशियाको बालीमा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष (The International Monetary Fund) र विश्व बैंक (The World Bank) को संयुक्त वार्षिक बैठकमा सहभागी भई असोज ३० गते स्वदेश फर्कनुभयो ।




अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund) र विश्व बैंक (The World Bank) को संयुक्त वार्षिक बैठकको क्रममा आयोजित विभिन्न उच्चस्तरीय सेमिनारहरूमा गभर्नर डा. नेपालले भाग लिनुका साथै विभिन्न क्षेत्रीय र द्विपक्षीय बैठकहरूलाई सम्बोधन समेत गर्नुभएको थियो ।



गभर्नर डा. नेपालले वार्षिक बैठकको क्रममा अन्तर्राष्ट्रिय मुद्रा कोषका Deputy Managing Director (DMD) Mr. Tao Zhang संग भेटवार्ता गर्नुभयो । सो भेटवार्ताका क्रममा गभर्नर डा. नेपाल र DMD Mr. Zhang बीच अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य, नेपालको वर्तमान आर्थिक स्थिति तथा मुद्राकोषले नेपाललाई पुऱ्याएको सहयोग लगायतका बिषयमा छलफल भएको थियो । सो भेटका क्रममा गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्राकोषले नेपाललाई पुऱ्याएको सहयोग प्रति धन्यवाद व्यक्त गर्नुका साथै आगामी दिनमा समेत नेपालको आर्थिक तथा वित्तीय क्षेत्रको सुदृढीकरणमा अन्तर्राष्ट्रिय मुद्राकोषको सहयोग आवश्यक हुने बताउनु भयो ।

वार्षिक बैठककै क्रममा अन्तर्राष्ट्रिय मुद्राकोषका Asia and Pacific Department का Director Dr. Changyoung Rhee र गभर्नर डा. नेपालबीच भेटवार्ता भयो । अन्तर्राष्ट्रिय मुद्राकोषका Asia and Pacific Department का Director Dr. Rhee सँगको भेटका क्रममा नेपाली अर्थतन्त्रको समसामयिक स्थिति र नेपालले चालु आर्थिक वर्षका लागि ल्याएको मौद्रिक नीतिमा उल्लिखित नीतिहरु एवम् वित्तीय स्थायित्वका लागि लिएका नीतिगत व्यवस्थाहरुका बारेमा डा. नेपालले जानकारी गराउनु भएको थियो । सोही

अवसरमा उहाँले निकट भविष्यमा नेपाल आउने Article IV Consultation Mission ले नेपालको वित्तीय एवम् मौद्रिक क्षेत्रको सुधारका लागि थप सुझाव प्रदान गर्न सक्ने समेत बताउनु भयो । उक्त भेटमा Mr. Rhee ले नेपाल राष्ट्र बैंकले मौद्रिक तथा वित्तीय व्यवस्थापनका सम्बन्धमा चालेका कदमको सराहना गर्नुभयो ।



साथै, डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषका दक्षिण पुर्वी एशियाली मतदान समुह (South East Asian Voting Group) का कार्यकारी निर्देशक Mr. Juda Agung संग भेटवार्ता गर्नुभयो । सो भेटमा डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपाललाई प्रदान गर्दै आएको नीतिगत सल्लाह र सुझाव, नेपालको समष्टिगत आर्थिक अवस्था लगायत क्षमता विकासका लागि प्रदान गर्दै आएको तालिमका बारेमा समेत छलफल गर्नुभएको थियो ।

गभर्नर डा. नेपालले वार्षिक बैठककै क्रममा आयोजित विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको South East Asian Voting Group को संयुक्त बैठकमा भाग लिनु भयो । उक्त बैठकमा दक्षिण-पूर्वी एशिया समूहका अर्थमन्त्री, गभर्नर र उच्च पदाधिकारीहरुको उपस्थिति रहेको थियो । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको उक्त समूहका कार्यकारी निर्देशकहरुले विश्व अर्थतन्त्र, विश्व व्यापार, वित्तीय क्षेत्र र दक्षिण-पूर्वी एशिया क्षेत्रको समसामयिक आर्थिक विषयहरु एवम् Trade Wars: Implication to the Global and Regional Economy, Trade Wars: Implication to the Global and Asia, Global Outlook and Policy Agenda जस्ता विषयहरुमा उहाँहरुले प्रस्तुतिकरण गर्नु भएको थियो । उहाँहरुको प्रस्तुति, विश्व अर्थतन्त्रको दिशा, विश्व व्यापार, संयुक्त राज्य अमेरिकाको आर्थिक नीतिले विश्व अर्थतन्त्रमा पार्न सक्ने प्रभाव र विश्व अर्थतन्त्रका सम्भावित जोखिममा केन्द्रित रहेको थियो ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund) र विश्व बैंक (The World Bank) को संयुक्त वार्षिक बैठकको मुख्य कार्यक्रमको रुपमा Annual Meeting Plenary मा डा. नेपाल सहभागी हुनु भयो । उक्त Annual Meeting Plenary मा इण्डोनेशियाका राष्ट्रपति H. E. Joko Widodo ले सम्वोधन गर्नुभएको थियो भने Petteri Orpo, Minister of Finance for Finland ले Plenary को अध्यक्षता गर्नु भएको थियो । त्यस्तै, डा. नेपाल International Monetary and Financial Committee (IMFC) को Plenary Session मा पनि सहभागी हुनुभयो भने विश्व बैंकद्वारा आयोजित V-20 Ministerial Meeting मा समेत सहभागी हुनु भएको थियो ।

त्यस्तै, Sideline Meeting को रुपमा अफगानिस्तानका गभर्नरको अध्यक्षतामा SAARCFINANCE Group Meeting सम्पन्न भएको थियो । उक्त Group Meeting मा सार्क मुलुकहरुको Macroeconomic Surveillance, SAARC Database र क्षमता विकास लगायतका ७ वटा विषयवस्तुमा छलफल गरिनुका साथै २०१९ का लागि वार्षिक कार्यक्रमको खाका तय गरिएको छ । उक्त बैठकले २०१८ को जुन महिनामा काठमाडौंमा आयोजित सार्कफाइनान्स गभर्नरहरूको बैठक अविस्मरणीय रहेको उल्लेख गर्दै आयोजक नेपाल राष्ट्र बैंकलाई धन्यवाद ज्ञापन गरेको थियो । साथै, उक्त बैठकमा अफगानिस्तानको केन्द्रीय बैंकका गभर्नरले रोयल मनिटरी अथोरिटी, भुटानका गभर्नरलाई सार्कफाइनान्सको अध्यक्षता हस्तान्तरण समेत गर्नु भएको थियो ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको उक्त वार्षिक बैठकमा गभर्नर डा. नेपाल, Empowering Women in the Workplace, How Global Trade Can Promote Growth for All, The Bali FinTech Agenda सेमिनारहरुमा पनि सहभागी हुनु भएको थियो ।